राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/०६/१० गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/०६/०८ गते

प्रस्तावहरुः

१. विजया दशमी २०८२ को शुभकामना सम्बन्धमा ।
२. सडक तथा बाटोहरु सफाई तथा सुधार गर्ने सम्बन्धमा।
३. ट्रान्सफर्मर जडान सम्बन्धमा।
४. विविध।

निर्णय हुनु पर्ने व्यहोराः

१. नेपालीहरुको महान चाड विजया दशमी २०८२ को उपलक्ष्यमा सम्पूर्ण नेपालीजनहरुमा हर्षोल्लास, अमनचयन, उमङ्ग, सुख, शान्ति तथा समृद्धिका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु पर्ने।
२. राजपुर गाउँपालिकाको विभिन्न स्थानहरुमा वर्षातको कारण बाढी पहिरो आई बाटोहरु अवरुद्ध भएको सन्दर्भमा दशैं तिहार लगायतका चाडपर्वहरु निकट आएकोले सहज आवागमनको लागि तत्काल बाटो सरसफाई साथै मर्मत गरि सुचारु गर्न आवश्यक भएकोले प्राविधिक स्टिमेटको आधारमा मर्मत संभारको कार्य तत्काल अगाडि बढाई कार्यसम्पन्न भए पछि प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिनु पर्ने।
३. यस गाउँपालिकाको कार्यालयमा विद्युत भोल्टेज अपुग भइ कार्यालयमा संचालन हुने विभिन्न उपकरणहरु संचालनमा आउन नसकेकोले गाउँपालिकाका लागि छुट्टै ट्रान्सफर्मर गरिदिन विद्युत प्राधिकरण लमहीलाई अनुरोध गर्ने र सो वापत स्वीकृत लागत अनुमान बमोजिमको रकम चालु आ.व. मा खर्च हुने गरी स्वीकृत आयोजना व्यवस्थापन खर्चबाट नेपाल विद्युत प्राधिकरण लमही वितरण केन्द्रलाई पेश्की उपलब्ध गराउनु पर्ने ।
४. अन्य निर्णयहरु

निर्णयहरुः

१. नेपालीहरुको महान चाड विजया दशमी २०८२ को उपलक्ष्यमा सम्पूर्ण राजपुर गाउँपालिकावासी
आमाबुवा, दाजुभाइ, दिदीबहिनी, समाजसेवी, बुद्धिजीवी, कर्मचारी, शिक्षक,विद्यार्थी, सुरक्षाकर्मी,
स्वास्थ्यकर्मी, पत्रकार, जनप्रतिनिधि एवम् स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीजनहरुमा
हर्षोल्लास, अमनचयन, उमङ्ग, सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामाना व्यक्त गर्ने।

२. राजपुर गाउँपालिकाको विभिन्न स्थानहरुमा वर्षातको कारण बाढी पहिरो आई बाटोहरु अवरुद्ध
भएको सन्दर्भमा दशैं तिहार लगायतका चाडपर्वहरु निकट आएकोले सहज आवागमनको लागि
तत्काल बाटो सरसफाई साथै मर्मत गरि सुचारु गर्न आवश्यक भएकोले प्राविधिक स्टिमेटको
आधारमा मर्मत संभारको कार्य तत्काल अगाडि बढाई कार्यसम्पन्न भए पछि प्राविधिक मूल्याङ्कनका
आधारमा भुक्तानी दिने।

३. यस गाउँपालिकाको कार्यालयमा विद्युत भोल्टेज अपुग भइ कार्यालयमा संचालन हुने विभिन्न
उपकरणहरु संचालनमा आउन नसकेकोले गाउँपालिकाका लागि छुट्टै ट्रान्सफर्मर जडान गरिदिन
विद्युत प्राधिकरण लमहीलाई अनुरोध गर्ने र सो वापत स्वीकृत लागत अनुमान बमोजिमको रकम
चालु आ.व. मा खर्च हुने गरी स्वीकृत आयोजना व्यवस्थापन खर्चवाट नेपाल विद्युत प्राधिकरण
लमही वितरण केन्द्रलाई पेश्की उपलब्ध गराउने।

४. विविध

क) घोराही उप-महानगरपालिका वडा नं. ३ बस्ने निर्मल पोखेलले मिति २०८२/५/११ गते
राजपुर गाउँपालिका वडा नं. २ बेलामा स्टोनेस्ट बिल्डर्स प्रा.लि. नामक "घ" वर्गको निर्माण
व्यवसाय संचालन गर्न इजाजत पत्रका लागि दिएको दरखास्तको सम्बन्धमा राजपुर
गाउँपालिकाको "घ" बर्गको इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ३ बमोजिम
प्राविधिक प्रतिवेदनको आधारमा योग्यता पुगेको देखिएकाले "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने।

ख) राजपुर गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. २०४ मिति २०८२/०६/०९ गतेको
पत्रानुसार वडा कार्यालयको पर्खाल बाढीले भत्क्याई कार्यालय असुरक्षित रहेकाले राजपुर
गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत मर्मत संभारकोषवाट निर्णयका लागि कार्य
अगाडि बढाउने।

ग) साधारण नमूना माध्यमिक विद्यालय गंगदीको च.नं. ०७ मिति २०८२/०५/१७ गतेको पत्रानुसार नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौंको सूचना अनुसार भारत सरकारको सहयोगमा संचालनत हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना अन्तरगत तपसिलका कार्यक्रम संचालनका लागि स्वीकृत निर्देशिका अनुसार स्थानीय सरकारले ५ प्रतिशत लागत साझेदारी प्रतिवद्धताका लागि अनुरोध भइ आएको हुँदा उक्त साझेदारीका लागि प्रतिवद्धता पेश गर्ने ।

<u>तपसिल</u>

१. छात्रावास
२. बहुउद्देशीय सभाहल
३. स्कुल बस
४. संस्थापकहरुको शालिक निर्माण तथा पार्क निर्माण
५. विद्यालय संग्रहालय
६. चमेना गृह संचालन
७. घेरबार तथा पर्खाल निर्माण
८. आधुनिक पुस्तकालय भवन निर्माण

घ) यस गाउँपालिका अन्तर्गत तपसिलका विद्यालयमा शिक्षक अवाभको कारण पठनपाठनमा समस्या भएको अवस्थामा शिक्षण सिकाई सहज बनाउनका लागि विद्यालयहरुले व्यवस्थापन गरेका प्रस्तावमा उल्लेखित शिक्षकहरुको २०८२ साउन र भदौ महिनाको तलबभत्ता अनुदान विद्यालयका नीजि स्रोत शून्य दरवन्दी शिक्षक तलब, प्रशासनिक खर्च, सहयोगी कार्यकर्ता, लेखापाल तथा कार्यालय सहयोगी प्रोत्साहन खर्च तथा विद्यालय सञ्चालन खर्च शिर्षकवाट निकासा गर्ने।

| क.स. | विद्यालयको नाम | निकासा हुने रकम | कार्यरत शिक्षक संख्या | कै. |
|---|---|---|---|---|
| १. | साधारण मा.वि. गंगदी | २०४०००/- | ५ | |
| २. | शिवशक्ति मा.वि. भौवानाका | ५१४००/- | २ | |
| ३. | जनज्योति मा.वि. मटेरिया | १५२२००/- | ४ | |
| ४. | मा.वि. सिक्टा | १९९२००/- | ४ | |
| ५. | शंकर मा.वि. खरदरिया | ५२८००/- | १ | |
| ६. | गौरीशंकर मा.वि. भैसाहीनाका | ५२८००/- | १ | |
| ७. | बालकल्याण मा.वि. खांग्रानाका | ११२८००/- | २ | |
| ८. | रात्री आ.वि. गंगदी | ५०४००/- | १ | |
| ९. | दुर्गा ज्ञानज्योति आ.वि. माररीखोला | ५०४००/- | १ | |
| १०. | जनकल्याण आ.वि. भैसहवा | ५०४००/- | १ | |
| ११. | विरेन्द्र आ.वि. गौरियानाका | ५०४००/- | १ | |
| १२. | जनप्रिय आ.वि. गोठुवा | ५२८००/- | १ | |

ङ) राजपुर गाउँपालिका वडा नं. ३ मा आ.व. २०८१/०८२ मा संचालित बोरिङ पाइप खरिद योजनाको कार्य सम्पन्न भइ प्राविधिक मूल्याङ्कनका आधारमा गाउँपालिकाबाट भुक्तानी समेत भइ सकेको सन्दर्भमा उपभोक्ता समितिका अध्यक्ष कैलाश यादव, कोषाध्यक्ष विमला यादव र सचिव राम कुवेर यादवको संयुक्त दस्तखतबाट खाता संचालन हुने व्यवस्था भएकोमा समितिको आन्तरिक विवादको कारण सचिवले चेकमा दस्तखत नगरेको कारण बोरिङ गाड्ने लेवरहरु लगायतलाई भुक्तानी दिन नसकिएकाले अध्यक्ष कैलाश यादव र कोषाध्यक्ष विमला यादवको संयुक्त दस्तखतबाट खाता संचालन गर्ने व्यवस्था गर्नको लागि उपभोक्ता समितिबाट निर्णय भएको र सोही अनुसार वडा नं. ३ बाट सिफारिस समेत भइ आएकोले सो सिफारिस अनुसार गरिदिने।